# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः १ मितिः २०८०/०३/२७

## भाग -१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम रामपुर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## रामपुर नगरपालिकाको
## नगर प्रहरी सेवा गठन सञ्चालन ऐन, २०८०

**प्रस्तावनाः** रामपुर नगरपालिका क्षेत्रभित्र प्रचलित कानून तथा समय समयमा हुने निर्णय, नियम, मापदण्ड तथा प्रशासनिक आदेशहरुको कार्यान्वयनमा सहयोग र सहजीकरण गर्न, सार्वजनिक तथा निजी सम्पत्तिको सुरक्षा र संरक्षण गरी नगरपालिकामा कानूनको शासन स्थापित गर्दा नागरिकलाई न्याय, शान्ति सुरक्षा तथा व्यवस्थाको प्रत्याभूत गर्न, बजार क्षेत्रको प्रभावकारी व्यस्थापन गर्न, नगरक्षेत्र भित्रका प्राकृतिक तथा सांस्कृतिक साधन स्रोत र सम्पदाको सरंक्षण र संवर्द्धन गर्न तथा जनुसुकै बेला आउन सक्ने प्राकृतिक विपद र अन्य आकस्मिक घटनाहरुको तत्काल संवोधन र समन्वय गरी नागरिकको जीउ धनको सुरक्षामा नगरवासीलाई स्थानीय सरकारको अनुभूति प्रदान गर्नका लागि नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५७ (४) र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम रामपुर नगरपालिकाको मिति **२०८०।०३।२७** को नगर सभाले यो ऐन बनाई कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद —१

## प्रारम्भिक

**१. संक्षिप्त नामः** (१) यस ऐनको नाम "रामपुर नगरपालिको नगर प्रहरीको सेवा गठन, सञ्चालन तथा व्यवस्थापन ऐन, २०८०" रहेको छ ।

२) यो ऐन रामपुर नगरपालिका सभाद्वाारा पारित गरेपछि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

क) "ऐन" भन्नाले "रामपुर नगरपालिकाको नगर प्रहरी सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन ऐन, २०८०" लाई सम्झनुपर्दछ ।

ख) "नगरपालिका" भन्नाले रामपुर नगरपालिकालाई सम्झनु पर्दछ ।

ग) "नगर कार्यपालिका" भन्नाले नेपालको संविधान २०७२ को धारा २१६ को उपधारा (१), (२), (३) र (४) बमोजिम गठन भएको रामपुर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

घ) "सभा" भन्नाले नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

ङ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

च) "उप—प्रमुख" भन्नाले नगरपालिकाको उप—प्रमुखलाई सम्झनु पर्दछ ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन वा सो ऐन अन्तर्गत बनेको नियमद्वाारा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

झ) "अधिकारी" भन्नाले रामपुर नगरपालिकामा कार्यरत नगर प्रहरी भन्दा माथिल्लो पद वा श्रेणीको कर्मचारीलाई सम्झनु पर्दछ ।

ञ) "नगर प्रहरी कमर्चारी" भन्नाले नगर प्रहरी हवल्दार र जवानसमेतलाई सम्झनु पर्दछ ।
ट) "नगर प्रहरी हवल्दार" भन्नाले नगर प्रहरी ईकाइको प्रमुख सम्झनु पर्दछ ।
ठ) "पदपूर्ति समिति"भन्नाले यस ऐनको दफा ९ बमोजिमको पदपूर्ति समिति सम्झनु पर्दछ ।
ड)"आर्थिक वर्ष" भन्नाले प्रत्येक आर्थिक वर्षको श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तन्तरमा समाप्त हुने समयावधिलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## नगर प्रहरी सेवाको गठन, रेखदेख र नियन्त्रण

**३.नगर प्रहरी सेवाको गठनः** (१) नगरपालिकामा एक नगर प्रहरी सेवा रहनेछ ।
२) नगर प्रहरी कर्मचारीहरुको तलब तथा सेवा सुविधा तथा अन्य शर्त नगर कार्यपालिकाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।
३) नगर प्रहरीको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने अधिकार कार्यपालिकामा रहनेछ र कार्यपालिकाको आदेश र निर्देशन पालनको गर्नु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।
४. नगरपालिकामा रहने नगर प्रहरीको पद (१) नगरपालिकामा रहने नगर प्रहरीको पद र तह कार्यपालिकाले तोके बमोजिम दफा ७ अनुसार हुनेछ ।
२) नगरपालिका कर्मचारीकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार तोकिए बमोजिम हुनेछ ।
३) नगर प्रहरी कर्मचारीहरुको काम, कर्तव्य र अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा यस ऐन बमोजिम हुनेछ । अन्य कार्यको हकमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद– ३
## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**५. नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः** नगर प्रहरी कर्मचारीका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेमछ ।

१) सार्वजनिक आवागमनमा बाधा पुग्ने गरी बाटोमा राखिएका, सार्वजनिक स्थान ओगटेर राखिएका निर्माण सामाग्री र पसल व्यवसायबाट भएका अवरोध हटाउन लगाउने हटाउन नमानेमा आफै हटाई हटाउँदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न नगरपालिकामा पेश गर्ने,
२) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने,
३) नगर क्षेत्रभित्र दैनिक रुपमा सिर्जना हुने फोहोरमैला निर्धारित प्रक्रिया बमोजिम निर्धारित समय र स्थानमा राख्न लगाउने,
४) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्ता अन्य निर्माण कार्य गरेको, अनधिकृत रुपले उपभोग गरेको र नगरपालिकाबाट निर्माण

इजाजत नलिई भवन लगायतको संरचना निर्माण गरको देखिएमा सोको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्ने,

५) छाडा पशु नियन्त्रणमा लिई नगरपालिकाले तोके बमोजिमको जरिवाना लिई पशु धनीलाई जिम्मा दिने । जरिवाना तिर्न इन्कार गरेमा नियन्त्रणमा लिइएको पशु लिलाम प्रक्रियामा लैजान सिफारिस गर्ने,

६) स्वास्थ्यका लागि हानीकारक, सडेगलेका र म्याद समाप्त भएका खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउने र त्यसरी रोक लगाउँदा पनि बिक्री गरेको पाइएमा त्यस्ता सामानहरुको विवरण तत्काल तयार गरी नगरपालिकामा प्रतिवेदन पेश गर्ने,

७) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेम त्यस्ता मासु जफत गरी सुरक्षित रुपमा नष्ट गर्ने,

८) छाडा कुकुर नियन्त्रण गर्ने र मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

९) खतरा उत्पन्न हुने किसिमका रुख, जाखिम पूर्ण घर पर्खाल, टेलिफोन तथा बिजुलीको तार, पोलको लगत तयार गरी नगरपालिका समक्ष पेश गर्ने,

१०) नगरका मुख्य बजारस्थित वडा समिति, टोल विकास संस्था, आमा समूह तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई अभियान सञ्चालन गरी नगरपालिकाले तोकेको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने,

११) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्न सहयोग गर्ने,

१२) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने/ गराउने,

१३) नगर कार्यपालिका र नगर सभाबाट पारित ऐन, कार्यविधि, नीति तथा निर्णय कार्यान्वयन गर्ने/ गराउने,

१४) नगरपालिकाको चल, अचल सम्पत्ति (भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदि) को सुरक्षा गर्ने ।

१५) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा सोको प्रतिवेदन तयार गरी नगरपालिकामा पेश गर्ने,

१६) नगर क्षेत्रम भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने अटेर गर्नेलाई जरिवाना गर्न सिफारिस गर्ने,

१७) विना ईजाजत व्यानर, होर्डिङ्गबोर्ड लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा ईजाजत लिन लगाउने तथा नियन्त्रण गर्ने,

१८) नगरपालिकाबाट आयोजना हुने सभा, सम्मेलन, तालिम, अभ्यास कार्यक्रम आदि र स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वमा सुरक्षा व्यवस्थापन गर्ने,

१९) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूची राख्न लगाउने ।

२०) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज, पार्लर जस्ता व्यवसायहरु स्वीकृत मापदण्ड बमोजिम सञ्चालन भए नभएको विषयमा अनुगमन गर्ने र मापदण्ड अनुरुप सञ्चालन नभएको पाईएमा कारबाहीका लागि नगरपालिकामा प्रतिवेदन पेश गर्ने,

२१) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर रेडियो वा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

२२) नगरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

२३) दमकल सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राख्ने कार्यमा सहयोग गरी आगलागि भएको अवस्थामा तुरुन्त दमकल सहित आगलागी स्थलमा गई आगलागी नियन्त्रण गर्न सहयोग गर्ने,

२४) विपद् वा महामारी फैलिएको स्थानमा खोजी, उद्धार तथा राहतका लागि तुरुन्त खटिएर जाने,

२५) नगरपालिकाको सुरक्षाको जिम्मेवार भई हरेक कार्यमा जवाफदेही हुने,

२६) नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट प्राप्त आदेश कार्यान्वयन गर्ने,

२७) नगर कार्यपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद– ४
## नगर प्रहरीको तह विभाजन र पदपूर्ति

**६.पद सिर्जना तथा दरबन्दी खारेजः** (१) नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरबन्दीहरुको सिर्जना तथा खारेजी नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

२) दरबन्दी सिर्जना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सिर्जना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरबन्दी, थप कार्य, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभावको बारेमा स्पष्ट गरी नगर कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्नु पर्दछ ।

३) नगर कार्यपालिकाले निर्णय गरी प्रचलित कानून बमोजिम आवश्यकता अनसुार संस्थागत करार सेवा मार्फत नगर प्रहरीको सेवा लिन सक्नेछ ।

४) वडा कार्यालयहरुमा समेत नगर प्रहरीको क्रमश व्यवस्था गरिनेछ ।

**७. नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरुः** नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिता र अन्य पदहरु बढुवाद्धारा पूर्ति गरिनेछ ।

क) नगर प्रहरी हवल्दार, सहायक तृतीय स्तर

ख) नगर प्रहरी जवान, सहायक द्वितीय स्तर

ग) नगर प्रहरी सहयोगी, सहायक प्रथम स्तर

यस ऐनमा जे सुकै लेखिए पनि नगर कार्यपालिकाद्वारा प्रथमपटक नियुक्त भएका कर्मचारीहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

**८.नियुक्ति गर्ने अधिकारीः** नगरपालिकाको पदपूर्ति समितिको सिफारिसमा छनौट भएका नगर प्रहरीलाई कार्यालयको प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति गर्नेछ ।

**९. पदपूर्ति समितिको गठन, काम कर्तव्य तथा अधिकारः** (१) नगर प्रहरी सेवामा खुल्ला प्रतियोगिताद्धारा छनौट गरी नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्न देहाय बमोजिमको पदपुर्ति समिति गठन हुनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक
ख) प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी — सदस्य
ग) नगर कार्यपालिकाले तोकेका २ जना विषय विज्ञ — सदस्य
घ) प्रशासन शाखाको अधिकृत वा प्रमुख — सदस्य सचिव

**१०. खुल्ला प्रतियोगितामा उम्मेदवार हुन सक्ने व्यक्तिहरुः** (१) नगर प्रहरी हवल्दार पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसुची १ बमोजिम हुनेछ ।
२) नगर प्रहरी जवानका लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसुची २ बमोजिम हुनेछ ।
३) नगर प्रहरी सहायक पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसुची ३ बमोजिम हुनेछ ।
४) अनुसूचीमा हेरफेर गर्नसक्ने अधिकार नगरपालिकालाई हुनेछ ।

**११. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः** पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः
क) दफा ७ बमोजिम पदपूर्तिका लागि प्रतिशत निर्धारण गर्ने,
ख) खुल्ला प्रतियोगिताको लागि पाठ्यक्रम निर्धारण गर्ने,
ग) पदपूर्ति कार्यतालिका बनाउने,
घ) परीक्षाको किसिम तोक्ने,
ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,
च) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,
छ) नियूक्तीका लागि सिफारिस गर्ने,
ज) प्रदेश लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियूक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धित अन्य कार्य गर्ने,
झ) पदपूर्ति समितिले नगर प्रहरी सेवा समुहको लागि खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाई लागू गर्नेछ ।

**१२.योग्यताक्रम सूची तयार गर्नेः** (१) उम्मेदवारहरुले प्राप्त गरेको अकंको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशत सम्म योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवार राख्नु पर्नेछ ।
२) उपदफा (१) बमोजिम सिफारिस गरिएका रिक्त पदको लागि उम्मेदवारको नियुक्तिको लागि पदपूर्ति समितिले प्रमुख प्रशासकिय अधिकृत समक्ष नियूक्तिका लागि पेश गर्नु पर्नेछ ।

३) नियूक्तिको लागि सिफारिस भएको मितिले पैतीस (३५) दिनभित्र कार्यपालिकाले नियूक्ति दिने निर्णय गरिसक्नु पर्नेछ । यसरी निर्णय भएको मितिले सात (७) दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियूक्ति पत्र दिनु पर्नेछ ।
४) वैकल्पिक उम्मेदवार सूचिमा रहेका उम्मेदवारले छ महिनासम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

**१३. ज्येष्ठताक्रम कायम गर्ने:** (१) नगर प्रहरी हवल्दार र नगर प्रहरी जवानको ज्येष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।
२) वहालवाला नगर प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमलाई नै ज्येष्ठताक्रम मानिनेछ ।

**१४. परीक्षणकालमा रहने:** नयाँ नियूक्ति गरिएका नगर प्रहरी कर्मचारीलाई तिन (६) महिनाको परीक्षणकालमा राखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजक काम नगरेमा सेवाबाट हटाउन सक्नेछ । सेवा करार लिएका नगर प्रहरीको हकमा परीक्षणकाल (३) महिनाको हुनेछ । परिक्षणकालमा रहेका नगर प्रहरीको प्रमुख प्रशासकीय अधिकृतले करार भंग गर्न सक्ने छन् ।

**१५. नियूक्ति सदरः** परीक्षणकालमा रहेका नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा र आधारभूत तालिममा उत्तिर्ण भएमा नेपालको राष्ट्रिय झण्डा र नगरपालिकाको झण्डा सामु शपथ ग्रहण गराई प्रमुख प्रशासकीय अधिकृतबाट नियूक्ति सदर गरिनेछ ।

## परिच्छेद ५

## नगर प्रहरीको बिदा सुविधा

**१६. बिदा सुविधाः** नगर प्रहरी कर्मचारीले वर्षभरिमा देहाय बमोजिमको बिदा पाउने छन ।
क. भैपरी आउने र पर्व बिदाः यो बिदा महिनाको १ दिन लिन सकिनेछ।वर्षको अन्तमा सञ्चित रहेको यो बिदा आगामी वर्षको लागि जिम्मेवारी सर्ने छैन ।
ख. किरिया विदाः कुल धर्म अनुसार आफै किरिया बस्नु परेमा वा प्रहरी कर्मचारीको बाबुआमा, बाजेबज्यै, छोराछोरी वा सासु ससुराको मृत्यु भएको वा पुरुष कर्मचारीको पत्नी र महिला कर्मचारीको पतिको मृत्यु भएको अवस्थामा पन्ध्र दिन किरिया बिदा दिइनेछ ।
ग. प्रसुती बिदार प्रसुती स्याहार विदाःमहिला प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९० दिन दिन प्रसुति बिदा लिन पाउनेछ । पुरुष कर्मचारीले प्रसुती स्याहार बिदा १५ दिन पाउनेछ ।
१. प्रसुती स्याहार बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ ।
२. यो कार्यविधि बमोजिम बिदामा बसेको प्रहरी कर्मचारीले बिदा बसे अवधिको पुरा तलब पाउनेछ ।
३. बिदा अधिकारको कुरा होइन सहुलियत मात्र हुनेछ ।

४. बिदा स्वीकृत गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृत वा निजले अख्तियारी दिएको अधिकारीलाई हुनेछ ।

**१७. बिदा स्वीकृत नगरी बस्न नहुने::**

१. यो कार्यविधि बमोजिम बिदा नलिई गैर हाजिर बस्न पाइने छैन ।

२. उपदफा १ बमोजिम बिदा नलिई गैर हाजिर बस्ने प्रहरी कर्मचारीलाई स्पष्टीकरण सोधी आश्यकता अनुसार कारबाही प्रक्रिया अगाडी बढाइनेछ ।

## परिच्छेद ६
## नगर प्रहरीको आचरण

**१८. दान उपहार लिन नहुनेः** नगर प्रहरीले नगरपालिकाको पूर्व स्वीकृती विना स्वदेशी तथा विदेशी सघं संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नुहुदैन ।

**१९. चन्दा लिन नहुनेः** कुनै नगर प्रहरी कर्मचारीले नगरपालिलकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिनु हुदैन ।

**२०. सम्पत्तिको विवरण पेश गर्नु पर्नेः** नगर प्रहरी कर्मचारीले नियूक्ति भएको मितिले तीन (३) महिना भित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण दाखिला गर्नुपर्ने छ ।

**२१. व्यापार व्यवसाय गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले कार्यालयको पूर्वस्वीकृती वेगर कुनैपनि व्यापार व्यवसाय गर्नु हुदैन ।

**२२. कर्तव्य पालनाको शिलशिलामा जानकारीमा आएका कुराहरु प्रकाशन गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले नगरपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैरसरकारी सघंसंस्थाबाट प्राप्त गरेका वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्षरुपबाट यस ऐन बमोजिमको अधिकार प्राप्त व्यक्ति बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुदैन ।

**२३. रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः** (१) नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रशारण गर्न हुदैन । तर, यस्तो प्रकाशन वा प्रशारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायीक विषयको भएमा यस्तो स्वीकृती लिईरहनु पर्दैन ।

२) उपदफा (१) बमोजिमको प्रकाशन वा प्रशारण पश्चात कार्यालयलाई सो को पूर्ण विवरण बारे जानकारी गराउनु पर्नेछ ।

**२४. नगरपालिकाको आलोचनाः** नगर प्रहरी कर्मचारीले नगरपालिकाको नीतिको विपरित अथवा नगरपालिकामा आँच आउने गरी विचार व्यक्त गर्ने, सम्वाद, लेख रचना प्रकाशन गर्नु हुदैन ।

**२५.निर्वाचनमा भाग लिन नहुनेः** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभाव पार्न हुदैन । तर, कसैलाई मत दिएको वा दिने

विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

**२६. राजनीतिमा भाग लिन नहुनेः** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सो सँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई सहयोग गर्न हुदैन ।

**२७.समय पालना नियमितताः** नगर प्रहरी कर्मचारी ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनु पर्दछ र स्वीकृत गराएर मात्र बिदामा बस्नुपर्दछ ।

**२८. अनुशासन र आज्ञापालनः** नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको अनुशासन तथा आज्ञापालन गर्नु पर्नेछः

क) नगर प्रहरी कर्मचारीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नुपर्नेछ ।

ख) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफू भन्दा माथिका अधिकृतले दिएको आदेशलाई पालना गर्नुपर्नेछ तथा आफू मातहतका कर्मचारीको लागि उचित व्यवहार गर्नुपर्नेछ ।

ग) नगर प्रहरी कर्मचारीले अनुशासनपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

**२९. बाहिरी प्रभाव पार्न नहुनेः** नगर प्रहरी कर्मचारीले कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाव पार्न वा पार्ने प्रयत्न गर्न हुदैन ।

**३०.** नगर प्रहरी कर्मचारीले प्रचलित कानून विपरीत हुने गरी विवाह गर्नु गराउनु हुदैन ।

**३१. लैंगिक संवेदनशिल हुनु पर्नेः** प्रत्येक नगर प्रहरी कर्मचारी लैंगिक संवेदनशिल हुनु पर्नेछ ।

**३२. हातपात वा जोरजुलुम गर्न नहुनेः** कुनै पनि नगर प्रहरी कर्मचारीले आफू भन्दा माथिल्लो वा आफु मातहत रहने नगर प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुदैन ।

## परिच्छेद– ७

## सजाय र पुनरावेदन

**३३. सजायः** मनासिव माफिकको आधार प्रमाण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय हुन सक्नेछ ।

क) नसिहत दिने,

ख) तलब वृद्धि वा पदोन्नति रोक्का गर्ने,

ग) लापरबाहीको कारण नगरपालिकालाई हानी नोक्सानी भएको ठहर भएमा विगो बमोजिमको रकम असुल उपर गरिनेछ,

घ) एक तह तलको पदमा घटुवा गर्ने,

ङ) भविष्यमा स्थानीय तहमा अयोग्य नठहिरने गरी नोकरीबाट बर्खास्त गर्ने,

च) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिन गेरी नोकरीबाट बर्खास्त गर्ने ।

**३४. नसिहत दिने वा प्रतिकुल राय लेख्ने**ः नगर प्रहरी कर्मचारीले काममा साधारण लापरबाही गरेमा नसिहत दिन सकिनेछ । दई पटकसम्म नसिहत दिँदासमेत निजले काममा लापरबाही गरेमा निजको चाल चलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

**३५. तलब वृद्धि वा पदोन्नति रोक्ने**ः नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्ने छ ।

**३६.दर्जा र तलब घटाउने**ः नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र नगरपालिकालाई हानी नोक्सानी पुऱ्याएमा सो समेत निजबाट भराउन सक्नेछः

क) सन्तोषजनक काम नगरेमा,

ख) अनुशासनहीन व्यवहार प्रदर्शन गरेमा,

ग) आचरण उल्लंघन गरेमा,

घ) मनासिव कारण नभई नियूक्ति भएको एक वर्ष भित्रै नोकरीबाट अलग हुन कारण झुठ्ठा देखाएमा,

ङ) आदेश निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

च) मनासिव कारण नभई वा बिदा नलिई बिदा बसेकोमा वा गैर हाजिर भएमा,

छ) लापरबाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

**३७. सजाय सम्बन्धी कार्यविधिः** (१) नगर प्रहरी कमर्चारीलाई हुन सक्ने सजाय तोकिए बमोजिम हुनेछ र सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

२) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाचँ बुझ गराउन सक्नेछ । जाचँबुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारी समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

३) कुनै फौजदारी अभियोगमा पुर्पक्षको लागि थुनामा रहेको नगर प्रहरी कर्मचारी सो अवधिभर स्वतः निलम्वित हुनेछ ।

४) यस दफा बमोजिमको सजायको प्रकृया अवलम्बन गर्नु पूर्व नगर प्रहरी कर्मचारीलाई सफाइको मौका दिइनेछ ।

५) फौजदारी अभियोग लागेका नगर प्रहरी कर्मचारीले अभियोगबाट सफाई पाएमा निज पूर्ववतः सेवा सुविधा पाउनेछ ।

**३८. सजायको आदेश दिने**ः यस ऐन बमोजिम सजाय पाएका सम्बन्धित नगर प्रहरी कर्मचारीलाई निजसँग स्पष्टीकरण मागिएको भए निजले तोकिएको समय भित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टीकरण चित्त बुझ्दो नभएमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजाय आदेशको एक प्रति निजलाई उपलव्ध गराउनु पर्नेछ ।

## परिच्छेद ८
## पोशाक तथा दर्जानी चिन्ह

**३९. नगर प्रहरीको पोशाक**ः नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**४०. प्रारम्भिक पोशाक र सामानः** नगर प्रहरी कर्मचारीलाई कार्यपालिकाले तोकिए बमोजिमको पोशाक र सामान उपलब्ध गराइनेछ ।

**४१. जाडो मौसमका लागि दिइने पोशाकः** प्रत्येक नगर प्रहरीलाई जाडो मौसमको लागि पोशाक कार्यालयले उपलब्ध गराइनेछ ।

**४२. आलंकारिक पोशाकः** अधिकृत कर्मचारीहरुलाई आलंकारिक पोशाकको लागि तोकिएको रकम उपलब्ध गराइनेछ ।

**४३. तयारी पोशाकको सुविधाः** नगर प्रहरी कर्मचारीलाई तोकिए बमोजिमको तयारी पोशाक उपलब्ध गराइनेछ ।

४४.नगर प्रहरी कर्मचारीले तोकिए बमोजिमको औपचारिक पोशाक तथा दर्जानी चिन्ह लगाउनु पर्नेछ ।

## परिच्छेद ९
## विविध

**४५. पुरस्कार तथा प्रोत्साहनः** नगरपालिकाका पदाधिकारीहरुले आफू र मातहतका कर्मचारीहरुले कर्तव्य पालनको सिलसिलामा उल्लेखनीय तथा प्रशंसनीय कार्य गरेमा त्यस्ता नगर प्रहरी कर्मचारीलाई तोकिए बमोजिम पुरस्कार तथा प्रोत्साहन स्वरुप रकम वा अन्य सुविधा उपलब्ध गराउन सकिनेछ ।

**४६. चाडपर्व खर्चः** नगर प्रहरी कर्मचारीहरुलाई आफ्नो जातीय परम्परा अनुसार मनाइने चाडपर्व खर्च वापत वार्षिक रुपमा खाईपाई आएको एक महिनाको तलब बराबरको रकम चाडपर्व खर्चको रुपमा पाउनेछ । तर एक वर्ष पुरा नभएका कर्मचारीको हकमा दामासाही हिसाबले भुक्तानी दिइनेछ ।

**४७. बाधा अड्काउ फुकाऊः** नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र सञ्चालन यस ऐनमा व्यवस्था भएकोमा यसै ऐन बमोजिम हुनेछ । यस ऐनमा व्यवस्थाप नभएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**४८.नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्नको लागि कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र आचारसंहिता बनाई लागू गर्न सक्नेछ ।

**४९.ऐन संशोधनः** यस ऐनमा आवश्यक संशोधन रामपुर नगरपालिकाको नगर सभाले गर्न सक्नेछ ।

**अनुसूची १**
**दफा १० (१) सँग सम्बन्धित**
**नगर प्रहरी हवल्दारका लागि आवश्यक न्युनतम योग्यता**

क) दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म २० वर्ष उमेर पुगेर र २५ ननाघेको वहालवाला कर्मचारीको हकमा ४५ वर्ष उमेर ननाघेको ।
ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको, तर वहालवाला कर्मचारीको हकमा आठ कक्षा पास ।
ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।
घ) कुनै राजनीतिक दल र सो दलको भातृ सदस्य नरहेको ।
ङ) मानवधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।
च) पुरुषको हकमा घटीमा ५ फिट २ इञ्च, छाती ३१ देखि ३३, तौल ५० के.जी. भएको ।
छ) महिलाको हकमा घटीमा उचाइ ५ फिट र तौल ४२ के.जी भएको ।
ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।
ञ) नेपाली नागरिकताको प्रमाणपत्र भएको ।
ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको ।
ठ) भविष्यमा सामान्यता सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।

अनुसूची १ मा जनुसुकै कुरा लेखिएको भएतापिनि नेपाल सरकारको सुरक्षा निकाय वा विदेशमा सुरक्षा सेवामा रहेको कर्मचारीको हकमा ४५ वर्ष उमेर ननाघेको व्यक्ति उम्मेदवार हुन बाधा पुग्ने छैन ।

## अनुसूची २
## दफा १० (२) सँग सम्बन्धित)
## नगर प्रहरी जवान पदको लागि आवश्यक न्युनतम योग्यता

क) दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा गरी २५ वर्ष उमेर ननाघेको तर बहालवाला नगर प्रहरीको हकमा ४५ वर्ष उमेर ननाघेको ।
ख) मान्यता प्राप्त विद्यालयबाट कम्तिमा आठकक्षा सो सरह उत्तीर्ण गरेको ।
ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।
घ) कुनै राजनीतिक दल र सो दलको भातृ सदस्य नरहेको ।
ङ) मानवधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।
च) पुरुषको हकमा घटीमा ५ फिट २ इञ्च, छाती ३१ देखि ३३, तौल ५० के.जी. भएको ।
छ) महिलाको हकमा घटीमा उचाइ ५ फिट र तौल ४२ के.जी भएको ।
ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।
ञ) नेपाली नागरिकताको प्रमाणपत्र भएको ।
ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको ।
ठ) भविष्यमा सामान्यता सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।

अनुसूची २ मा जनुसुकै कुरा लेखिएको भएतापिनि नेपाल सरकारको सुरक्षा निकाय वा विदेशमा सुरक्षा सेवा गरेको उम्मेदवारको हकमा ४५ वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

**अनुसूची ३**

**दफा १० (३) संग सम्बन्धित)**

**नगर प्रहरी सहायक पदको लागि आवश्यक न्युनतम योग्यता**

क) दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा गरी २५ वर्ष उमेर ननाघेको तर बहालवाला नगर प्रहरीको हकमा ४५ वर्ष उमेर ननाघेको ।

ख) सामान्य लेखपढ गर्न जान्ने ।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) कुनै राजनीतिक दल र सो दलको भातृ सदस्य नरहेको ।

ङ) मानवधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

च) पुरुषको हकमा घटीमा ५ फिट २ इञ्च, छाती ३१ देखि ३३, तौल ५० के.जी. भएको ।

छ) महिलाको हकमा घटीमा उचाइ ५ फिट र तौल ४२ के.जी भएको ।

ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

ञ) नेपाली नागरिकताको प्रमाणपत्र भएको ।

ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको ।

ठ) भविष्यमा सामान्यता सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।

अनुसूची ३ मा जनुसुकै कुरा लेखिएको भएतापिनि नेपाल सरकारको सुरक्षा निकाय वा विदेशमा सुरक्षा सेवा गरेको उम्मेदवारको हकमा ४५ वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

**आज्ञाले**
**लेखनाथ न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**